विपन्न विद्यार्थीलाई न्यानो कपडा । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

# विकास

www.bikaskhabar.com
खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१७, अंक-२६ ● २०८१ पुस २९ गते सोमबार, ● 13 January, 2025, ● नेपाल सम्वत्-११४५, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

### थाहा नगरपालिकाको १७औं सभा

# बजेट तथा कार्यक्रम संशोधन



विकास संवाददाता
थाहानगर

थाहा नगरपालिकाको २६ पुसमा आव्हान भएको १७औं नगरसभा विभिन्न शीर्षकको संशोधित बजेट तथा कार्यक्रमको संशोधन प्रस्ताव पारित गर्दै सकिएको छ । पालुङ जेसिज सभाहलमा आयोजित नगरसभाले बजेट संशोधनसहित अन्य विविध प्रस्तावहरू पनि पारित गरेको छ । पालिका अन्तर्गतको १२ वटै वडाहरू, नगरस्तरीय र विषयगत समितिस्तरीय योजनाहरू संशोधनका लागि नगर उपप्रमुख भरत गोपालीले पेश गरेको प्रस्तावमा छलफलसहित सर्वसम्मत पारित भएको हो ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ को उपदफा १ बमोजिम आयोजित सभाले गत ११ र १२ मा परेको अविर वर्षाका कारण आएको बाढीले पुऱ्याएको क्षतिको पुर्ननिर्माणमा संशोधित बजेट केन्द्रित रहेको प्रवक्ता हिरेन्द्र कुमार रायमाझीले जानकारी दिए ।

सभाले नगर प्रमुख विष्णु बहादुर विष्टले प्रस्तुत गरेको चालु आर्थिक वर्षको २३ पुससम्मको प्रगती समीक्षा सर्वसम्मत पास गरेको छ । नगर कार्यपालिका सदस्य तथा प्रवक्ता हिरेन्द्र कुमार रायमाझीले पेश गरेको कार्यपालिका, विभिन्न विषयगत समिति, शाखाहरू, नगर प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतस्तरीय निर्णयहरू अनुमोदनको प्रस्ताव पारित भएको छ । लेखा समिति संयोजक बम बहादुर सिन्तानले आर्थिक वर्ष २०७८/०७९ नियमित गर्नुपर्ने बेरूजू माथिको प्रस्ताव पनि छलफलसहित सर्वसम्मत पास भएको छ ।

सभामा छलफलका क्रममा नगर सभा सदस्य युवराज विष्ट, कृष्ण कुमार कार्की, सुन्दरराज केसीलगायतले बोलेका थिए । सभा सदस्यहरूले राखेको जिज्ञासामा थाहानगर खेलकुद विकास समिति संयोजक टिकाराम स्याङ्तान, आर्थिक विकास समिति संयोजक हिरेन्द्र कुमार रायमाझी तथा छलफलमा उठेका सवालहरूमा समग्र जवाफ नगर प्रमुख विष्णु बहादुर विष्टले दिएका थिए ।

सभामा प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधान, कार्यपालिका सदस्यहरू, विभिन्न विषयगत समितिका संयोजकहरू, नगरसभा सदस्यहरू तथा कर्मचारीहरूको उपस्थिती रहेको थियो । कुल २३.७२ प्रतिशत वित्तीय प्रगती हासिल गरेको थाहा नगरपालिकाको चालुतर्फ ३३.४६ र पुँजीगततर्फ ११.२४ प्रतिशत वित्तीय प्रगती हासिल गरेको जनाइएको छ ।

नगरपालिकाको आर्थिक विकासतर्फ १९.६९ प्रतिशत, सामाजिक विकासतर्फ ३३.०६, पूर्वाधार विकासतर्फ १०.५८, सुशासन तथा अन्तरसम्बन्धीततर्फ ८.०७ र कार्यालय सञ्चालन तथा प्रशासनिक विषय क्षेत्रर्फ २९ प्रतिशत वित्तीय प्रगती भएको नगर प्रमुख विष्टको प्रगती प्रतिवेदनमा उल्लेख गरिएको छ । पालिकाले चालु आर्थिक वर्षको हालसम्मा १४.७२ प्रतिशत आन्तरिक राजश्व संकलन गर्न सफल भएको नगरपालिकाले जनाएको छ ।

## पत्रकार थापाले पाइन् 'थाहा पत्रकारिता सम्मान'

◆ विकास संवाददाता

मकवानपुर थाहानगरमा क्रियाशील सामाजिक अभियान संस्था फरकसोचले स्थापना गरेको 'थाहा पत्रकारिता सम्मान' पत्रकार ममता थापाले पाएकी छिन् । मकवानपुर थाहा नगरपालिका वडा नम्बर २ सोल्टूमा जन्मेर अनवरत रूपमा पत्रकारिता क्षेत्रमा क्रियाशील थापालाई स्वर्गिय रूपचन्द्र विष्ट (रूदाने)को ९१औं जन्मदिनको अवसरमा आयोजित कार्यक्रममा पुरस्कृत गरिएको हो ।

फरक सोचले वर्षेनी रूदानेको जन्मदिनको अवसरमा मनाउँदै आएको थाहा दिवसको अवसरमा 'थाहा पत्रकारिता सम्मान' वितरण गर्दै आएको छ । थाहा नगरपालिका नगर कार्यपालिकाका प्रमुख विष्णु बहादुर विष्ट तथा उपप्रमुख भरत गोपालीले आयोजित समारोहमा पत्रकार थापालाई सम्मानपत्र प्रदान गरेका थिए । थापाले सम्मानसहित नगद १० हजार पाइन् । पालुङमा सञ्चालित दक्षिण एसियाकै पहिलो अडियो टावरबाट पत्रकारिता आरम्भ गरेकी थापा अहिले अन्नपूर्ण पोष्टमा वरिष्ठ संवाददाताको रूपमा कार्यरत छिन् । सम्मान ग्रहण गर्दै पत्रकार थापाले आफ्नो जन्मथलोले पत्रकारिता क्षेत्रमा आफूले पुऱ्याएको योगदानको कदर गरेको बताइन् । उनले फरकसोच तथा आयोजक र समग्र जन्मथलोप्रति धन्यवाद दिदै आभार व्यक्त गरिन् ।

थाहा नगरपालिका वडा नम्बर ३ का अध्यक्ष हिरेन्द्र कुमार रायमाझीको सभाध्यक्षतामा भएको कार्यक्रम ३ नम्बर वडा कार्यालयको आयोजना तथा फर कसोचको समन्वयमा विकास घर शिखरोटमा भएको थियो । सो अवसरमा कार्यक्रमका प्रमुख अतिथी नगर प्रमुख विष्ट, विशिष्ट अतिथी नगर उपप्रमुख भरत गोपालीलगायतका अतिथीहरूले रूदानेको शालिकमा माल्यार्पण गरेका थिए ।

कार्यक्रममा नगर प्रमुख विष्ट, उपप्रमुख गोपाली, रूपचन्द्र विष्ट स्थानीय स्मारक संयोजक बिमल कुमार विष्ट, जनमुखी सहकर्मीहरू ज्योती रायमाझी, प्रेम कुमार केसी, माओवादी थाहानगर अध्यक्ष बिनोद कुमार लामालगायतकाले रूदाने र थाहा दर्शनको सम्बन्धमा विचार व्यक्त गरेका थिए । वक्ताहरूले थाहा आन्दोलनको मर्म र रूदानेको स्वाभाव बारे चर्चा गर्दै रूदानेको जीवनशैली भन्दापनि सिकाइ महत्वपूर्ण हुने बताएका थिए । जनमुखी राजनीती गरेमात्र रूदानेप्रति सच्चा श्रद्धा हुने उनीहरूको भनाइ थियो ।



फरकसोचका संयोजक यादवजंग रायमाझीले कार्यक्रमका सहभागीहरूलाई स्वागत गरेका थिए । कार्यक्रममा स्थानीय जनमुखी सहकार्मीहरू, राजनीतिक दलका प्रतिनीधिहरू, स्थानीय संघसंस्था प्रतिनीधिहरूलगायतकाको उपस्थिती रहेको थियो ।

यसैबीच रूदानेको ९१औं जन्मजयन्ती तथा थाहा दिवसको अवसर पारेर चुनीथान परिसरका निर्माण गरिएको जनमुखी ज्येष्ठ नागरिक सेवा केन्द्रको थाहानगर प्रमुख विष्णु बहादुर विष्टले उद्घाटन गरेका छन् । सो अवसरमा फरकसोच तथा ३ नम्बर वडा कार्यालयले जनमुखी सहकर्मीहरूलाई टोपी उपहार दिइ सम्मान गरेको छ ।

## राक्सिराङमा 'एक पालिका, एक आवासीय विद्यालय' शिलान्यास

◆ विकास संवाददाता

मकवानपुरको राक्सिराङ गाउँपालिकाको सरिखेतस्थित सूर्योदय माध्यमिक विद्यालयको छात्रावास भवनको शिलान्यास गरिएको छ । नेकपा (एमाले) का प्रमुख सचेतक मकवानपुर क्षेत्र नम्बर २ का सांसद् महेशकुमार बर्तौलाले २६ पुसमा यहाँ छात्रावास निर्माणका लागि भूमिपूजा गर्दै शिलान्यास गरेका हुन् ।

प्रमुख सचेतक बर्तौलाले विद्यालयको छात्रावास शिलान्यास गर्दै २ घण्टाभन्दा लामो समय हिँडेर विद्यालय आउनुपर्ने बाध्यता न्यूनीकरण हुने विश्वास व्यक्त गरे । 'मैले निर्वाचनको बेला सार्वजनिक शिक्षालाई सुधार गर्नको लागि एक पालिका, एक आवासीय विद्यालय आवश्यक छ भनेको थिएँ । चालु वर्षमा राक्सिराङको सूर्योदय माध्यमिक विद्यालय र थाहानगर को झम्केश्वरी माध्यमिक विद्यालयबाट छात्रावास निर्माण सुरू भएको छ'-उनले भने ।

सहरी विकास मन्त्रालय मार्फत् बजेट व्यवस्था गरिएको विद्यालयको छात्रवास निर्माणका लागि सघन सहरी तथा भवन निर्माण आयोजना चितवनबाट ठेक्का आह्वान भएको थियो ।

१ करोड रूपैयाँ बजेट व्यवस्था गरिएको यो विद्यालयको छात्रवासका लागि सद्गुण निर्माण सेवा हेटौंडाले ६४ लाख ९२ हजार रूपैयाँमा ठेक्का सम्झौता गरेको छ । आगामी २०८२ जेठ २६ गतेसम्म निर्माण सम्पन्न गर्नेगरी छात्रवासको निर्माण थालिएको हो ।

क्षयरोग सम्बन्धी जनहीतमा जारी सन्देश !

क्षयरोग रोकथाम र उपचारबाट नियन्त्रण हुने रोग हो । तलका लक्षणहरु मध्ये कुनै एक देखिएमा तुरुन्तै स्वास्थ्य संस्थामा गई निःशुल्क खकार जचाँऔं ।



थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर



सबै क्षयरोगको जाँच उपचार स्वास्थ्य संस्थामा निःशुल्क पाइन्छ।
साथै, पूर्ण रुपमा औषधि सेवन गरे क्षयरोग निको हुन्छ।

पालुङ
विष्ट

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# • सम्पादकीय •

## कृषिमा अनुदानको सवाल

नेपालमा वि.सं. २०३६ सालदेखि नै किसानलाई राहत प्रदान गर्ने र कृषिलाई व्यवसायीकरण गर्ने सरकारी नीति तथा कार्यक्रम आउने गरेको हो । त्यसयताको झण्डै ४५ वर्षाको इतिहासमा आजको तथ्यांक अनुसार नेपालका चार प्रतिशत किसानहरुले पनि पूर्णरुपमा व्यावसायिक रुपमा कृषि कर्म गर्न सकेका छैनन् । अहिलेसम्म गरिएका अध्ययनहरुले जम्मा ६ किसिमका किसानहरुको सूची सार्वजनिक गर्ने गरेका छन् । त्यसमा सीमान्त किसान, साना किसान, मध्यम किसान, ठूला किसान, साना व्यावसायिक किसान र ठूला व्यावसायिक किसान पर्दछन् । नेपालमा कृषि क्षेत्रको विकास गरेर देशलाई खाद्यान्नमा आत्मनिर्भर बनाउनु विकासको आधारभूत शर्त बन्नुपर्दछ । भारतकै उदाहरण लिंदा पनि आजको भारतको आत्मनिर्भर कृषि अर्थतन्त्र सन् १९६० को अन्ततिरबाट शुरु भएको हरित क्रान्तिको जगमा उभिएको छ ।

नेपालमा पनि वर्षेनि बाँझो बन्दै गएको जमिनमा हरित क्रान्ति नल्याइकन मुलुकले आत्मनिर्भर कृषि अर्थतन्त्रको दिशामा अघि बढ्न सक्दैन । त्यसका लागि सरकारले सहज तरिकाले वास्तविक किसानहरुलाई राहत र अनुदानको व्यवस्था गर्न जरुरी छ । त्यसका साथसाथै विशेषतः स्थानीय सरकारले बजार व्यवस्थापनको जगसमेत बसाल्न आवश्यक छ । सरकारले प्रथमतः साना, सीमान्त र मध्यम किसानहरुलाई राहत र अनुदानको व्यवस्था गर्नुपर्छ । किनभने तिनीहरु नै वास्तविक र आधारभूत किसानहरु हुन् । तर नेपालको बिडम्बना यो छ कि वास्तविक किसानले होइन गैरकिसान र पार्टी कार्यकर्ताहरुले पहुँचका भरमा राहत र कृषि अनुदान सोहोरेको देखिन्छ तर खेतबारीमा खट्ने वास्तविक किसानहरु भने सरकारी राहत तथा अनुदानबाट बञ्चित हुँदै आएका छन् । गतं कृषि जनगणनाले करिब ९३ प्रतिशत किसानहरु सरकारी अनुदान भन्दा बाहिर रहेको देखाएको छ । आठ वर्ष अगाडिको एउटा अध्ययनले ९२ प्रतिशत किसानहरु अनुदान बाहिर रहेको देखाएको थियो । सातौं कृषि जनगणनाले राज्यको ढुकुटीबाट अनुदान पाउने सात प्रतिशत किसानहरु वास्तविक किसान हुन् कि होइनन् ? वा कुन स्तरका किसान हुन् भन्ने कुरा खुलाएको छैन । त्यसकारण पनि वास्तविक किसानभन्दा अरुले नै राहत र अनुदान लिएका छन् भन्ने देखिन्छ ।

अहिले नेपालमा तीन लाख ८ हजार ५१२ किसानले राज्यबाट अनुदान प्राप्त गरेको उल्लेख छ तर अनुदान पाउने यी किसानहरुमा सीमान्तकृत साना र मध्यम किसानहरुको संख्या अत्यन्त कम वा शून्य बराबरको प्रतिशतमा रहेको कुरा अध्येयताहरुले उल्लेख गरेका छन् । नेपाली ग्रामीण समाजमा जनतालाई के गर्नुहुन्छ ? भनेर सोध्ने हो भने अधिकांशले आफूलाई किसान भनेर परिचय दिन्छन् । बेरोजगार सामान्य निर्वाहमुखी खेती गर्ने जनताले किसानका अलावा अर्को पेशाबाट परिचय दिन पनि मिलेन । आफूलाई किसान बताउने कुरा नेपाली जनताको परम्परागत समाजशास्त्रीय चिन्तन प्रणाली पनि हो । अवकाश प्राप्त शिक्षक, कर्मचारी समेतले घरमा सामान्य निर्वाहमुखी खेतीपाती भएको कारणले आफूलाई किसान नै भन्ने गरेको पाइन्छ । आफूलाई किसानका रुपमा परिचय गराउनु तर कृषि कर्मले मात्र जीवन निर्वाह हुन नसक्नु पनि नेपाली समाजको दुःख नै हो । सरकारको वास्तविक किसानप्रतिको उपेक्षाभावका कारण नेपालमा कृषिमा परनिर्भरताको अवस्था बृद्धि हुँदै गएको हो । सरकारले किसानलाई प्रदान गर्ने अनुदान संघ, पालिका वा प्रदेशका कार्यालयबाट होइन एउटा निरीक्षण टोलीमार्फत घरआँगन, गोठ र खेतबारीमा पुगेर उपलब्ध गराउनुपर्दछ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# स्थानीय तहले विद्यालय शिक्षाको जिम्मेवारी वहन गर्लान् ?




◆ रमेशप्रसाद लामिछाने

नेपालको संविधान-२०७२ को भाग-३ मा व्यवस्था भएको मौलिक हक र कर्तव्य अन्तर्गत धारा-३१ मा शिक्षा सम्बन्धी हक उल्लेख गरिएको छ । यस धाराको दफा–१ ले प्रत्येक नागरिकलाई आधार भूत शिक्षामा पहुँचको हक हुनेछ र दफा-२ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भनी उल्लेख गरिएको छ । त्यस्तै यसै संविधानको अनुसूची ८ मा उल्लेख भएको स्थानीय तहको अधिकार सूची नं. ७ मा आधारभूत र माध्यमिक शिक्षा भनी किटानी गरिएको छ ।

सँगै अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूची नं. २ मा शिक्षा, खेलकुद र पत्रिका भनी उल्लेख गरिएको छ । शिक्षा अन्तर्गत शिक्षक कर्मचारीको पारिश्रमिक व्यवस्थापन, शिक्षक कर्मचारी दरबन्दी मिलान, सरुवा, पाठ्यक्रम, परीक्षा, नतिजा, सामग्री व्यवस्था, पुस्तकालय, तालिम आदि शीर्षकहरूमध्ये तोकेर नै संघले यो जिम्मा लिने, प्रदेशले गर्नै पर्ने र स्थानीय तहले यी काम शिक्षामा गर्ने भनी किटानी गरिएको भए हालको शैक्षिक संकट धेरै हदमा समाधान भइसक्थ्यो भन्न सकिन्छ । देशको मूल कानून संविधान निर्माणका समयमा शिक्षामा गम्भीरता पटक्कै नभएको कारणले अहिले समस्याहरू बढेका हुन् ।

संविधानले हाम्रा स्थानीय तहहरूलाई करिब स्वायत्त अर्थात् बेलगाम बनाएको देखिन्छ । सबै स्थानीय तहको अवस्था र हाम्रो समग्र भूगोलको आवश्यक विश्लेषण नभएको कारणले शिक्षा लगायतका अरू क्षेत्रमा समेत विवाद कायमै छ । घरघरमा सिंहदरबारको नारा सकारात्मक रूपमा लिनै पर्दछ ।

उपलब्ध साधन र श्रोतको सही आकलन पहिलो शर्त हो । जनशक्तिको परिचालन र व्यवस्थापन झनै पेचिलो मुद्दा बनेको सन्दर्भ भुल्नै नहुने विषय हो । स्थानीय तहहरूमध्ये ६ वटा महानगर को अवस्था प्रत्येक कोणबाट सबल र सक्षम भन्न सकिन्छ । त्यस्तै ११ वटै उपमहानगरहरू पनि धेरै हदमा क्षमतावान् र सबल छन् भन्दा अत्युक्ति नहोला । सबल र सक्षम सँगै कामका लागि नियत पनि उत्तिकै स्पष्ट र सफा हुनैपर्दछ । सँगै २७६ वटा नगरपालिकाहरू सबै सबल र क्षमतावान् छन् भन्न सकिन्न । अझ ४६० वटा गाउँपालिकाहरूको अवस्था एकाध बाहेक अधिकांशको स्थिति नाजुक र कमजोर देखिन्छ । सत्य तितो र सहन गाह्रो अनि स्वीकार्न अलि कठिन हुन्छ नै । जनप्रतिनिधिहरूमध्ये शिक्षित अर्थात् शिक्षाको महत्व बुझ्न सक्ने क्षमता भएकाहरू अत्यन्त न्यून रहेको तथ्य जगजाहेर छ । नियत राम्रो भएर पनि काम गर्न नसकेका जनप्रतिनिधि पनि धेरै छन् । कर्मचारी संयन्त्र सधैं जागिर मुखी भएको यथार्थ नमिठो लाग्न सक्छ ।

शिक्षाको कोणबाट हाम्रा स्थानीय तहहरू अधिकांश लथालिंग भन्नै पर्दछ । प्रमाणका लागि एसईई र कक्षा १२ को नतिजालाई लिन सकिन्छ । विद्यालय मात्र हैन कैयौं गाउँपालिकाको नै नतिजा शून्य रहेको स्थिति छ । नगरहरूमा पनि कतिपय वडाहरू शून्य नतिजाले चिन्तित देखिए । भौतिक कोणबाट हेर्दा २०७२ सालको विध्वंसकारी भूकम्पपश्चात् अधिकांश शिक्षण संस्थाहरू सबल बनेका छन् ।

केही भवन अझै निर्माण भैरहेका छन् । गाउँ-गाउँका नयाँ बनेका विद्यालय भवनहरूले विकसित मुलुकको झल्को दिएका छन् । फर्निचर तथा कक्षाकोठा स्तरीय देखिन्छन् । शौचालय, पिउनेपानी, खेल मैदान, कम्पाउण्ड आदिको अवस्था पछिल्ला वर्षहरूमा मजबूत बनिरहेका छन् भन्दा विमति नहोला । प्रविधिको कोणबाट कम्प्युटर ल्याब, प्रोजेक्टर, सिसीक्यामेरा, अडियो भिजुअल सिस्टम, स्मार्ट टिभी, स्मार्ट बोर्ड समेतबाट प्रविधियुक्त कक्षाकोठा मात्र हैन शिक्षक, विद्यार्थीहरू ल्यापटप बोकेर सिक्ने-सिकाउने वातावरणको प्रशंसा गर्नै पर्दछ । कोभिड महामारीले शिक्षालाई प्रविधिको निकट बनाएको पक्ष सकारात्मक रूपमा लिनै पर्दछ ।

यी सुविधाहरूका बावजुद पनि गाउँका विद्यालयहरू रित्तिंदै जानु र कमजोर नतिजाले डरलाग्दो भविष्यको संकेत गरि सकेको छ । संविधानलाई मिचेर शिक्षामा संघको हस्तक्षेप भएको स्थानीय तहको आरोप सुन्न सकिन्छ । विषयगत शिक्षकको अभाव, न्यून दरबन्दी, सरूवामा समस्या जस्ता कारण देखाएर स्थानीय तहहरू पानीमाथि ओभानो बन्ने कसरत देखाइरहेका छन् ।

स्थानीय जनप्रतिनिधिका रूचि र चाहना अनुसारका शिक्षक मिलाउने प्रयत्न गर्दा सीधा राजनीतिक हस्तक्षेप भएको देखिन्छ । विद्यालयका प्रधानाध्यापकहरू प्रचलित कानून बमोजिम व्यवस्था गर्न नसक्नु, सरूवामा आफ्ना मान्छे रोज्नु, आर्थिक चलखेललाई प्राथमिकता दिनु, विद्यालयको आवश्यकता भन्दा पनि प्रतिनिधिकै रोजाइमा मात्र केन्द्रित देखिनु, आर्थिक सहयोग गर्दा कमिशन अर्थात् अतिरिक्त रकम आर्जनको रूचि राख्नु, विद्यालयमा शिक्षण सिकाइको स्तरोन्नति तर्फभन्दा पनि व्यक्तिगत चाहनाका गैर शैक्षिक क्रियाकलापमा दबाव दिनु जस्ता क्रियाकलापबाट अधिकांश स्थानीय प्रतिनिधिहरू आलोच्य बनेका छन् ।

आफ्नो मान्छे छैन भने र चाकडी नगर्ने स्वाभिमानी प्रधानाध्यापक भएका विद्यालयको खोइरो खन्ने र समुदायमा समेत नकारात्मक अफवाह फैलाउने काम गर्ने जनप्रतिनिधिहरू पनि देखिएका छन् । नातामा वा राजनीतिक दलमा आफूनिकट रहेकाहरू नियमित स्कूल जान नपर्ने, गए पनि कक्षा जान अल्छी गर्ने, शिक्षण सिकाइको तयारी नभएका, आर्थिक लोभलालच गर्ने, नेताका प्रशंसा र चाकडीमा दौडिरहने, विद्यार्थी र अभिभावकका बीच अलोकप्रिय भएतापनि त्यस्ता शिक्षकहरू मात्र रोजेर खोजेर संरक्षण गरिएकाले नै नतिजा राम्रो नआएको भन्न सकिन्छ । शिक्षक आफू अनुकूल हुनुपर्ने स्थिति नै दुर्भाग्यपूर्ण भन्नै पर्दछ ।

स्थानीय तहका शिक्षा शाखाहरू अपेक्षित रूपमा सबल र सक्षम नहुनाले नै समस्या भएको देखिन्छ । आवश्यक जनशक्तिको अभाव पहिलो स्थिति हो । कतिपय पालिकाले शिक्षकहरू काजमा तानेर शैक्षिक प्रशासनका काममा लगाउने अवस्था राम्रो भन्न सकिन्न । प्रदेश तथा संघमा शिक्षाका धेरै उपसचिव तथा सहसचिव स्तरका कर्मचारी जिम्मेवारी विहीन भई हाजिर मात्र गरी जागिर खाइर हेको समाचार बाहिर आएकै छ । यो सिधै कर्मचारी मिलानमा देखिएको समस्या हो ।

कक्षा ८ को अर्थात् आधारभूत तहको अन्तिम परीक्षाको अभिभारा कानूनले स्थानीय तहलाई दिएको छ । उक्त परीक्षा व्यवस्थित गर्न नसकेर स्थानीय तहका प्रश्नपत्र र नतिजाका हर्कत मिडियामा छरपष्ट भएको धेरैलाई थाहा छ । अर्कोतर्फ, पाठ्यक्रमले निर्धारण गरेको कक्षा १-५ को स्थानीय पाठ्यक्रम अलपत्र देख्न सकिन्छ । कतिपय पालिकाले प्रयत्न गरेर पनि नियमित गर्न नसकेको र धेरैले बनाउने पहल नै नगरेको त सबैलाई थाहा छ । धेरै पालिकाले भने स्थानीय भाषाको नाममा अंग्रेजी विषय रोजेको र नगण्यले भने मातृभाषाको पाठ्यपुस्तक नै तयार गरी प्रयोगमा ल्याएको समेत पाइएको छ ।

विद्यालयको समग्र शैक्षणिक क्रियाकलापमा सहयोग पुग्ने अनुगमन तथा सुपरीवेक्षण गर्ने क्षमता र सीप भएका योग्य तथा सक्षम शैक्षिक जनशक्ति स्थानीय तहको अर्को जरूरी सबाल हो । अन्त्यमा, विद्यालय शिक्षा ऐन ल्याउने तयारीमा रहेको बेला शिक्षक व्यवस्थापन सहित विद्यालयहरू संघ मातहत नै र हनुपर्छ भन्ने र संवैधानिक व्यवस्थालाई अक्षरशः पालना हुनुपर्छ भन्नेहरू बीच दोहोरी चलिरहेको हालको अवस्थामा विद्यालय शिक्षाको समग्र भार स्थानीय तहले वहन गर्ने सवालमा माथि उल्लेख भएको स्थितिका आधारमा शंका देखिनु अन्यथा होइन । शुरूआतमा पूर्व प्राथमिक तहदेखि कक्षा ५ सम्मको शैक्षिक जिम्मेवारी स्थानीय तहमा सुम्पिएर कक्षा ८ सम्मको जिल्लास्तरमा र कक्षा ९ र १० लाई प्रदेशअन्तर्गत अनि कक्षा ११ र १२ लाई संघ मातहतकै बनाइनु वैज्ञानिक हुन सक्छ ।

यस्तो अभ्यास शर्तात्मक र आवधिक बनाउन सकिन्छ । समग्रमै पनि विषय क्षेत्र किटानी गरी तीनै तहमा जिम्मेवारी तोक्न पनि त सकिन्छ । आउँदै गरेको विद्यालय शिक्षा ऐनले यो विषयलाई वस्तुगत धरातलको गहिराइसम्म पुगेर प्रत्यक्ष सम्बन्धित सरोकारवर्गको सम्बोधन हुने अपेक्षा गरिएको छ ।

# बोर हुनु भनेको चाहनाको खोजी हो ?

आजभोलि स्मार्टफोन जहाँ पनि, जहिले पनि साथमा हुन्छ । त्यसैले, हाम्रा दिमागलाई कुनै फुर्सद नै हुँदैन, न त दिक्क लाग्ने समय नै । तर, यदि तपाईंले नयाँ वर्ष २०२५ म 'डिजिटल डिटक्स' गर्ने संकल्प गर्नुभएको छ भने, बोर हुनु (दिक्क लाग्नु) तपाईँका लागि नयाँ अनुभव हुन सक्छ ।

बैंकको लाइनमा वा गाडी चलाउँदा बिना पोडकास्ट वा संगीत ? असह्य लाग्छ! चिकित्सकको प्रतिक्षालयमा बिना म्यासेजिङ वा सामाजिक सञ्जाल स्क्रोल नगरी बस्नुपर्‍यो ? निकै पीडादायक! शौचालयमा समेत बिना फोन समय कटाउनुपर्‍यो भने त जिउनु र मर्नु बराबरजस्तै महसुस हुन सक्छ !

### बोर हुनु वास्तवमै असहज हुन्छ

केही समयअघि गरिएको एउटा रोचक अनुसन्धानमा सहभागीहरूलाई १५ मिनेट कुनै गतिविधि नगरी बस्न भनियो । तर धेरैले त्यसरी बस्नुभन्दा आफैंलाई हल्का करेन्ट (इलेक्ट्रिक शा'क) लगाउने रोजे ।

### यसबाट के बुझ्न सकिन्छ ?

बोर हुनु भनेको दिमागले 'केही गर' भनेर संकेत दिनु हो । 'बोर हुनुको उद्देश्य नै तपाईंलाई कुनै अर्थपूर्ण गतिविधितर्फ धकेल्नु हो' भन्छन् क्यानडाको वाटरलू विश्वविद्यालयका मनोवैज्ञानिक तथा संज्ञानात्मक न्युरोरो वैज्ञानिक जेम्स ड्यान्कर्ट । उनले लियो टल्स्टयको प्रसिद्ध भनाइ उल्लेख गर्दै भने, 'बोर हुनु भनेको चाहनाको खोजी हो ।'

### बोर हुनुभन्दा केही गर्ने तरिका

ड्यान्कर्टका अनुसार, बोर हुने समस्याको वैज्ञानिक समाधान छैन । तर, उनले आफ्ना अनुभवबाट केही उपाय बताएका छन्:

१. 'के गर्ने?' भनेर कसैलाई सुझाव नदिनुहोस्:

जब कोही भन्छन्, 'दिक्क लाग्यो, तब हामी प्रायः 'यो गर, त्यो गर' भन्छौं । तर यसो गर्दा झन् उनीहरूले आफूलाई अनियन्त्रित महसुस गर्छन्। त्यसैले, चुप लाग्नुहोस् र उनीहरूलाई आफ्नै निर्णय आँफै गर्न दिनुहोस् ।

२. आफ्नै लागि सूची बनाउनुहोस्:

तपाईंलाई बोर लाग्दा गर्न सकिने कुराहरूको सूची बनाउनुहोस् । ड्यांकार्ट भन्छन्, 'मलाई गितार बजाउनु मनपर्छ। तर कहिलेकाहीँ त्यो काम गर्दैन, त्यसैले अन्य विकल्प पनि राखेको छु ।' त्यसैले तपाईंले दोस्रो, तेस्रो वा चौथो विकल्प पनि राख्नुपर्छ, ताकि जब तपाईंको मुख्य विकल्पले काम गर्दैन। तब तपाईं सूचीका अन्य चीजहरू गर्न सक्नुहुन्छ ।

३. सामाजिक सञ्जाल स्क्रोल गरेर समय खेर नफाल्नुहोस्:

हाम्रो हातमा संसार पुर्‍याइदिएको प्रविधिले दिक्क लाग्न कम गर्न सघाउँछ भन्ने लाग्छ। तर वास्तवमा सामाजिक सञ्जालले दिक्क लाग्न्ने झन बढाइरहेको छ, विशेष गरी किशोरीहरूमा। ड्यान्कर्ट भन्छन्, 'सामाजिक सञ्जाल र फोन हामीलाइ दिक्क लाग्नुको समाधान होइन ।'

ड्यान्कर्ट भन्छन्, 'अनावश्यक रूपमा मोबाइल चलाउँदा झन् दिक्क लाग्न सक्छ ।' तर, युट्युब भिडियोबाट गितार सिक्ने अथवा आफुलाई मन पर्ने केही सिक्ने, अनलाइन समुदायमा सहभागी हुने जस्ता गतिविधि भने सकारात्मक हुन सक्छन् ।

४. 'बोर हुँदा सिर्जनशील भइन्छ' भन्ने भ्रम नपाल्नुहोस्:

धेरैलाई लाग्छ कि बोर हुँदा दिमागले नयाँ सोच्न थाल्छ । ड्यान्कर्ट भन्छन्, 'बोर भएपछि तपाईं स्वतः सिर्जनशील हुनुहुन्छ भन्ने कुनै प्रमाण छैन ।' उनको अध्ययनअनुसार, 'यदि म तपाईंलाई बोर बनाउँछु भने, तपाईंको सिर्जनात्मकता झन् घट्छ ।'

# बालबालिकाले कसरी सिक्छन् ?



भर्खरै मात्र डा. विद्यानाथ कोइरालाले सामाजिक सञ्जालमा भन्नुभएछ–अब विद्यार्थी धेरै जान्ने भइसक्यो शिक्षक भन्दा पनि । उहाँको यो भनाइ पढिसकेपछि मेरो मनमा धेरै कुराहरू आइरह्यो–के साँच्चै विद्यार्थीहरू उनले भनेजस्तै त्यही स्तरका भइसके त ? कि उनले कुनै एउटा विद्यालयका बच्चाहरूको अवस्था हेरेर भनेका हुन्? के नेपालभरिका सबै विद्यालयका विद्यार्थीहरूको स्तर यस्तै छ त ? यदि त्यस्तो भयो भने कसरी भयो त ? पक्कै पनि उत्तर सहज छ–यस्तो अवस्था छैन ।

प्राय अहिले पनि सामुदायिक विद्यालयमा भौतिक पूर्वधारदेखि शैक्षिक गुणस्तर, पाठयक्रम सम्बन्धि बुझाइ, जनशक्ति व्यवस्थापन, शिक्षकका तालिमलगायत स्थानीय तहहरूले शिक्षामा विनियोजन गर्ने बजेट, आम मानिसले शिक्षकलाई हेर्ने दृष्टिकोण सबैमा कहीँ न कहीँ समस्या रहेको छ । शिक्षाको त्रिकोणात्मक सम्बन्ध परिवार, विद्यालय र समाज अहिले पनि सन्तुलनको अवस्था रहेको छैन । यी तीनवटा मुख्य पक्षहरू एक आपसमा जति अन्तर सम्बन्धित भएर काम हुनुपर्ने हो त्यो भएको छैन ।

हाम्रा बालबालिकाहरू कस्तो परिवार मा हुर्किरहेको छ ? समाजको अवस्था कस्तो छ ? विद्यालयको अवस्था कस्तो छ ? यी तीनवटा खुट्टाहरू एउटा मात्र कमजोर भएमा बाँकलाई निकै गाह्रो हुन्छ ।

बाँकी बालबालिकाहरूले विद्यालयमा सिकेका कुरालाई उसले आफ्नो घरमा कत्तिको भन्न पाउँछन्, उसले विद्यालयमा गरेका, सिकेका कुरा अभिभावले कत्तिको ध्यानपूर्वक सुन्ने गर्दछन् भन्नेले पनि उसको सिकाइ र सोच्ने क्षमतामा फरक पार्छ । कतिपय अभिभावहरू विचार नै नपुर्‍याइ आफ्ना नानीहरूले केही कुरा शेयर गर्न खोज्यो भने भन्ने गर्छन्–भैगो भन्नु पर्दैन मलाई सबै थाहा छ, अहिले म भर्खरै कामबाट आएको गलेको छु, मलाई नभन भन्ने गरेको पाइन्छ ।जसका कारण बालबालिकाहरूले आफूले सिकेका कुराहरू भन्न नपाउँदा उनीहरूमा एक प्रकारको नकारात्मकता आउँछ ।

त्यसकारण बालबालिकालाई बोल्नका लागि प्रोत्साहन गर्न जरूरी छ । उनीहरूले भनेका कुरा सुन्न जरूरी छ । अभिभावकले बेलुका कम्तिमा आधा घण्टा विद्यालयमा भएका घटनाहरू साथै पढाइकै बारेमा उनीहरूलाई बताउन लगाउँदा उनीहरूमा आत्मविश्वास पलाउँछ । उनीहरूमा सञ्चारको सीपको विकास हुन्छ । उनीहरूमा प्रोत्साहन थपिन्छ र अझ सिर्जनशिलता पलाउँदै जान्छ ।

तर बालबालिकाले सबै जानेको छ, सबैकुरा विद्यालयमा सिक्छ भनेर अभिभावले नसिकाउने हो भने उनीहरूले केही सिक्न सक्दैन । विद्यालयमा पनि विद्यार्थीले सबै जानेकै छ भन्ने हो भने फेरि के का लागि विद्यालय गइरहनु भन्ने प्रश्न उठ्छ । हो सिकाइ निरन्तर चलिरहने प्रक्रिया हो । शिक्षक होस वा अन्य जुनसुकै क्षेत्रको होस आफूलाई अपडेट गर्न नसक्ने हो भने त्यो वर्तमान तथा भविष्य हुन सक्दैन त्यो त केवल विगत भएर जान्छ ।

विद्यालयमा बालबालिकाले केबल शिक्षकबाट मात्र सिक् छभन्ने कुरा सर ासर गलतन हो। विद्यालयमा धेरैजसो उनीहरूले आफ्ना सथीहरूबाट सिकिरहेका हुन्छन् । घर परिवारमा थोरै मानिसबाट त्यति धेरै बालबालिका भएका ठाउँमा जाँदा पक्कै पनि विद्यार्थीहरूले सर्वप्रथम कसरी अरूसँग मिलेर बस्ने, समूहमा बस्ने क्षमताको विकास गर्दछ । त्यसपछि उनीहरूले नयाँ साथी कसरी बनाउने त्यो क्षमता आर्जन गर्छन् । साथीहरूसँग कसरी बोल्ने त्यो पनि त्यहाँ सिक्छन् । शिक्षकले बोलेका, लेखेका कुराहरूबाट पनि केही न केही उनीहरूले हरपल सिकिरहेका हुन्छन् । त्यस्तै शिक्षकले बालबालिकाबाट धेरै कुरा सिक्न अवसर प्राप्त गर्दछन् । आज विज्ञान–प्रविधिमा भएको विकासले पनि धेरै कुराहरू किताबबाट भन्दापनि घरमै बसेर मोबाइल, ल्यापटपबाट सिकिरहेका हुन्छन् । त्यो कुरा बालबालिकाबाट शिक्षकहरूले सिक्न सक्दछन् ।

जीवनको आशा, निश्वार्थ, दयालु पन, सहयोगको भावना वयस्क मानिसमा भन्दा पनि बालबालिकामा बढी हुने हुँदा ती कुरा शिक्षक वा वयस्क मानिसले सिक्न सक्दछ । विभिन्न प्रकारका मोबाइल एप्सको बारेमा पनि बालबालिकाहरू पोख्त हुन सक्छन् । त्यसका बारेमा पनि उनीहरूबाट सजिलैसँग सिक्न सकिन्छ । यसका लागि कुनै लाज सरम मान्न जरूरी छैन । नजानेको कुरा जानेको छु भन्नु मुर्खताबाहेक केही पनि होइन । त्यसकारण नयाँ कुरा जोसुकैले गरे पनि कान ठाडो बनाएर सिक्दा सबैलाई फाइदा नै हुन्छ ।

पक्कै पनि समय बदलिएको छ । हिजोको जस्तो एकतर्फी सिकाइ अहिले छैन । अहिले बिस्तारै किताब पढ्ने बानी पनि हराउँदै गएको छ । मोबाइलमा हेरेको कुनै भिडियोलाई मात्र रिफरेन्स गरेर अगाडि बढ्दा त्यस्ले गन्तव्यमा पुर्‍याँउन सकिँदैन, यो कुरा बुझ्न जरूरी छ । त्यसका लागि आफैँले निरन्तर अध्ययन गर्न जरूरी छ ।

बालबालिकालाई विद्यालयमा केवल पाठ्यपुस्तक मात्र पढाउँदा एक प्रकारको मोनोटोनस हुन्छ । त्यसकारण हप्तामा एक दिन भएपनि अन्य कुनै लेख, कथा, कविताको बारेमा कुरा गर्दा त्यसले उनीहरूमा चाख बढाउँछ । अध्ययन गर्ने बानीको विकास गराउँछ । यसका लागि सर्वप्रथम शिक्षकले पढन जरूरी छ ।

पक्कै पनि एकजना शिक्षक जो पढेर मात्र आफ्नो कक्षामा जान्छ भने उसले विद्यार्थीलाई उत्प्रेरित गर्न सक्छ । शिक्षक नपढ्ने अनि विद्यार्थीलाई मात्र पढ भन्दा त्यो न्यायोचित हुँदैन। कतिपय विद्यालयमा देख्ने गरिन्छ विद्यार्थीहरूलाई 'गुट्खा खानु हुँदैन, जङ्क फुड खानु हुँदैन भनेर शिक्षकले भनिरहेको हुन्छ अनि एकछिनमा शिक्षक आफैँ ती सबैकुराहरू सेवन गरि रहको हुन्छन यस्तो अवस्थामा विद्यार्थीले त्यसबाट के सिक्छ यो सबैले बुझेकै कुरा हो । जे कुरा बालबालिकालाई हामी सिकाउन गइरहेका छौँ त्यसबारे सर्वप्रथम मैले के गरिरहेको छु भनेर आफैँलाई प्रश्न गर्ने हो भने समस्या केही हदसम्म भए पनि हल भएर जान्छ ।


नगरौं विवाहका कुराः
भएको छैन बीस वर्ष पुरा

बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं ।



बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।

"सानै छु बढन देउ, विवाह हैन पढन देउ"

थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर



थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सवै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुर्‍याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# मनहरी सरकारलाई सिकाइको थलो बन्यो 'नमुना युवा संसद'




◆ विकास संवाददाता

मनहरी गाउँपालिकामा नमुना युवा संसद स्थापना र अभ्यास भएको छ । २१ पुसबाट शुरू भएको कार्यक्रम २४ गते सकिएको हो । मनहरी ३ लामिटार स्थित पालिकाको सभाहलमा आयोजित चार दिवसीय कार्यक्रमको चौथो तथा अन्तिम दिन पालिकाका अध्यक्ष रञ्जन कालाखेतीसहित सबै जनप्रतिनिधिहरूका सहभागीहरूले माझ नमुना प्रस्तुत गरिएको थियो ।

युवा संसदहरूले गाउँपालिकाको १५औं गाउँसभालाई प्रस्तुत गरेका थिए । गाउँपालिका भित्रका बाल क्लबमा आवद्ध १६ बर्ष देखि २४ बर्ष सम्मका युवा युवतीहरूको सहभागीता रहेको कार्यक्रममा निर्धक्कका साथ आफ्ना प्रस्तुती दिएका थिए ।

त्यस्तै गाउँपालिका उपाध्यक्ष तथा कार्यक्रमका बिशिष्ट अतिथी सीता पुलामी मगर रेखाले पालिका भित्र रहेका बालबालिकाहरूलाई पालिकाले सदन संचालन गर्न सिक्ने र अभ्यास गर्न अवसर प्रदान गरेको भन्दै तालिममा सहभागी भएकाहरूको प्रस्तुती हेरिसकेपछि तालिम निकै नै प्रभावकारी भएको बताइन् । आगामी दिनहरूमा पालिकाले बालबालिका तथा युवाहरूलाई अझ सशक्त र जुझारू बनाउन पालिकाले कुनै कन्जुस्याइँ नगर्ने बताइन् ।

मन्तब्य ब्यक्त गर्ने क्रममा पालिकाका प्रमुख प्रशासकीय अधिकृत रमेश सुबेदीले यस कार्यक्रमले नयाँ पुस्ताको क्षमता अभिवृद्धिका साथ साथै जनप्रतिनिधिलाई समेत पुनर्ताजगी हुने बताए । तालिम भनेको विधी, पद्धति बुझ्ने र सहि तरिकाले प्रयोगमा ल्याउने एउटा साध्य भएको भन्दै स साना कुरामा पनि ध्यान दिन आवश्यक रहने भन्दै तालिममा सहभागीता जनाउनेहरूको प्रगतिको कामना गरे ।

मनहरी गाउँपालिका भित्र गठित बाल क्लबमा आवद्ध रहेकाहरूको सहभागिता रहेको कार्यक्रममा एउटा वडाबाट ३ जनाको दरले २७ जना सहभागी भएका थिए ।मनहरी गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाको आयोजना र राष्ट्रिय युवा परिषद नेपालको समन्वयमा कार्यक्रम भएको हो । कार्यक्रमको लागि गाउँपालिकाले दुई लाख रूपैयाँ बिनियोजन गरेको थियो ।

तालिमका सहभागीहरूलाई पालिका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र वडा अध्यक्षहरूबाट सहभागी प्रमाणपत्र प्रदान गरिएको थियो। ३ नम्बर वडा अध्यक्ष तथा शिक्षा एबम सामाजिक बिकास समिती संयोजक अनन्त प्रकाश अर्यालको सभाध्यक्षतामा कार्यक्रम सम्पन्न भएको हो ।

# न्यायिक समितिले दियो टोल विकास संस्थालाई कानूनी अनुशिक्षण



◆ विकास संवाददाता

टोल विकास संस्था नगर समन्वय समिती, हेटौंडा उपमहानगरपालिकाले हेटौंडा-९ नं वडामा गठित टोल विकास संस्था एवम् अन्य संघ संस्थाका पदाधिकारी एवं सदस्यहरूको लागि १ दिने समुदाय स्तरीय कानुनी शिक्षा अनुशिक्षण कार्यक्रमको आयोजना गरेको छ ।

हेटौंडा उपमहानगरपालिका न्यायिक समितिको सहयोगमा १ दिने अनुशिक्षण कार्यक्रमको आयोजना गरिएको हो। नगर समन्वय समितिका अध्यक्ष ध्रुव प्रसाद अधिकारीको अध्यक्षता एवं हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका ९ नंम्बर वडा अध्यक्ष सुकराम केसी, न्यायिक समितिका सदस्य एवं नगर समन्वय समितिका सल्लाहकार ज्ञान बहादुर थापा, ९ नं वडा सदस्य कमला पौडेल, टोल विकास संस्था नगर समन्वय समितिका उपाध्यक्ष शान्ति श्रेष्ठ, महासचिव शिवहरि दाहाल, उपमहासचिव देवकुमार श्रेष्ठ, सचिव पुण्यबती घिमिरे, सदस्यहरू केशब अर्याल, उर्मिला राना, मेलमिलाप केन्द्रका संयोजक यदुवंश खतिवडा, ९ नं वडा समन्वय समितिका अध्यक्ष रमिला सापकोटा लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रमलाई हेटौंडा उपमहानगरपालिकाका कानुनी अधिकृत सुजन तिमल्सिना, अधिवक्ता शिव बन्जारा र अप्सरा बस्नेतले सहजीकरण गरेका थिए । कार्यक्रममा हेटौंडा ९ नम्बर वडाका ६० जनाको सहभागिता रहेको थियो। कार्यक्रम नगरभरिका सबै वडाहरूमा सञ्चालन गरिने नगर समन्वय समितिका महासचिव शिवहरि दाहालले जानकारी दिए ।

# १० बुँदे आगामि कार्यदिशा अघि बढाउने

## हेटौंडा उपमहानगरको समीक्षा

◆ विकास संवाददाता




स्थानीय तहमा निर्वाचित भएका नगरका जनप्रतिनिधीहरूले तीन वर्षमा गरेका काम र आगामी दिनमा ध्यान दिनुपर्ने बिषयमा छलफल भएको छ । दुई दिन पर्यटकिय क्षेत्र सौराहमा भएका छलफलले दश बुँदे घोषणा पत्र जारी गरेको छ । कार्यक्रममा गएका आर्थिक वर्षको समीक्षा, चालु आर्थिक वर्षमा हालसम्मको समीक्षा गर्दै आगामी आर्थिक वर्षको कार्यादेश बारे छलफल गरेको थियो ।

२० र २१ पुसमा गरिएको छलफलबाट १० बुँदामा निश्कर्ष निकालिएको हेटौंडा उपमहानगर-पालिकाका प्रमुख प्रशासकीय अधिकृत सुर्यप्रसाद गौतमले बताए । छलफलमा प्रदेश सरकारसँग लागत सहभागितामा निर्माण गरिएको हेटौंडा-११, थानाभर्याङस्थित निर्माणाधिन फलफूल तथा तरकारीको थोक बजारमा प्रदेश सरकारको मन्त्रालय स्थापना गरिएको प्रति ध्यानाकर्षण गराइएको छ ।

कृषकका उपजको बजारीकरणका लागि निर्माण गरिएको संरचनामा मन्त्रालय स्थापना गर्नु उपयुक्त नभएको उल्लेख गर्दै निर्माण कार्य पूरा गरेर उपमहानगर पालिकामार्फत थोक बजार सञ्चालन गर्नुपर्ने निश्कर्ष निकालिएको छ । छलफलमा पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा बजार खण्डको सडक विस्तार, एक सय भन्दा कम संख्यामा विद्यार्थी भएका विद्यालयलाई नजिकैको विद्यालय गाभ्ने र गाभिने विद्यालयका विद्यार्थीलाई यातायातको सुविधासहित नजिकको विद्यालयमा समायोजन गर्ने, भुटनदेवी माध्यमिक विद्यालय र आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयलाई गाभेर ठूलो विद्यालय बनाउने, अति विपन्न थामी र चेपाङ समुदायका परिवारको निशूल्क स्वास्थ्य वीमा गरिदिने निर्णय भएको थियो ।

उपमहानगरपालिकाको हालसम्मको उपलब्धीका विषयमा प्रमुख प्रशासकीय अधिकृत गौतमले प्रस्तुती गरेका थिए । छलफलमा प्रदेश सरकारका योजना एकद्वार प्रणालीबाट कार्यान्वयन हुन नसक्दा समस्या भएको जनप्रतिनिधिको भनाइ रहेको थियो । छलफलमा गुणस्तरीय पूर्वाधार निर्माणको विषयले पनि प्रवेश पाएको र हेटौंडा उपमहानगर पालिकाको प्रमुख क्षेत्रको विद्युतीय लाइनलाई भूमिगत गर्न आवश्यक भएकोप्रति जनप्रतिनिधि सुझाव दिएको थियो ।

औपचारीक छफलका क्रममा जननिर्वाचित जनप्रतिनिधीहरूले १० बुँदे निर्णय गरेको उपमहानगरका प्रवक्ता सबिन न्यौपानेले बताए । उनले छलफलमा महिलामुखी सहर निर्माण, राजमार्ग २५ मिटर विस्तार गर्ने विषयमा छलफल भएको जानकारी दिए ।

# पालुङ जेसिजको अध्यक्षमा माधव कार्की निर्वाचित

◆ विकास संवाददाता

पालुङ जेसिज वर्ष २०२५ को अध्यक्ष पदमा माधव कार्की निर्वाचित भएका छन् । २४ पुसमा भएको साधारणसभा अन्तर्गत भएको निर्वाचनबाट निकटतम प्रतिस्पर्धी संजय गोपालीलाई १४ मतले पराजित गर्दै कार्की अध्यक्ष पदमा निर्वाचित भएका हुन् ।

अध्यक्ष पदका लागि भएको निर्वाचनमा कार्कीले ५९ मत प्राप्त गर्दा गोपालीले ४५ मत प्राप्त गरे । निर्वाचित कार्की सन् २०१५ बाट पालुङ जेसिजमा आवद्ध भएका हुन् । उनी जेसिजमा आवद्ध भएसंगै २०२० मा भरतरत्न छात्रवृत्ति कार्यक्रम संयोजक, २०२१ मा उपाध्यक्ष, २०२२ मा शाखा सम्पादक, २०२३ मा कोषाध्यक्ष भइसकेकाका छन् ।

कार्कीले यस अघि २०२४ को अध्यक्षका लागि निर्वाचनमा भाग लिएका थिए । उनी निरज रायमाझीसंग ४२ मतले पराजित भएका थिए । सो निर्वाचनमा रायमाझीले ६५ मत प्राप्त गर्दा कार्कीले २३ मत पाएका थिए । यसवर्ष भने उनले मतदाता आफ्नो पक्षमा पार्न सफल भए । यस बर्ष कुल १ सय



१२ जना मतदाता रहेको पालुङ जेसीजको वर्ष २०२५ को अध्यक्ष पदको लागि भएको निर्वाचनमा १ सय ४ मत खसेको निर्वाचन आयुक्त कार्कीले बताए ।

त्यसैगरी कार्यकारिणी उपाध्यक्षमा अजित कार्की र स्मिता विष्ट निर्वाचित भएका छन् ।

उपाध्यक्ष पदमा विश्वनाथ रायमाझी, रोशनी गोपाली, शिशिर कुमार खत्री र विकेशबाबु बस्नेत निर्वाचित भएको निर्वाचन आयुक्त संगम कार्कीले जानकारी दिए ।



# 'गाउँ केन्द्रीत मेला महोत्सवले पर्यटन प्रवर्द्धनमा टेवा पुग्छ'-नगर प्रमुख विष्ट




◆ विकास संवाददाता

गाउँ केन्द्रीत मेला महोत्सवले पर्यटन प्रवर्दनमा टेवा पुग्ने थाहा नगरपालिका नगर कार्यपालिकाका प्रमुख विष्णु बहादुर विष्टले बताएका छन् । थाहा नगरपालिकाको वडा नम्बर ८ ऐसेलुखर्कमा मिनी महोत्सव तथा अन्तर पालिका स्तरीय भलिबल प्रतियोगितासहितको सांस्कृतिक कार्यक्रमको २८ पुसमा उद्घाटन गर्दै नगर प्रमुख विष्टले यस्तो बताएका हुन् । उनले कार्यक्रमकै कारण आग्रामा रहेको पर्यटकीय स्थलको प्रचार प्रसारमा पनि सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधानले खेलले अनुशासन सिकाउने हुँदा अनुसासित भएर खेल खेल्न आग्रह गरे । 'आग्रामा आयोजित कार्यक्रमले एकातिर युवामा खेलप्रति आकर्षण बढ्छ, अर्कातिर आग्रा चिनाउन मद्दत गर्छ'- प्रधानले भने । ग्रामिण पर्यटन आर्थिक सम्बृद्धिको आधार भएकोले कार्यक्रमले त्यसतर्फ पनि सघाउ पुग्ने प्रधानको भनाइ थियो ।

नमुना जनजागरण युवा क्लव र खेलकुद विकास समिति थाहा ८ को आयोजनामा भइरहेको कार्यक्रमको उद्घाटन समारोहमा थाहा नगरपालिका वडा नम्बर ८ का वडा अध्यक्ष हेम कुमार थिङले मेला तथा खेलकुद प्रतियोगिताले पछाडी परेको आग्रालाई उजागर गर्ने बताए । वडाध्यक्ष लामाले कार्यक्रम सफल बनाउन अहोरात्र खट्ने सबैलाई धन्यवाद दिए । सो अवसरमा आग्राको पर्यटनलाई चिनाउनको लागि मिनि महोत्सव आयोजना गरिएको आयोजक समितिका सल्लाहकार रामकुमार घलानले बताए । घलानका अनुसार हाल थाहा नगरपालिकाको वडा न ७ र ८ तथा तत्कालीन आग्रा गाबिसमा रहेको पौराणिक, ऐतिहासिक तथा धार्मिक पर्यटकिय स्थलहरूको प्रचार प्रचार र आन्तरिक पर्यटन प्रवर्द्धन गर्न महोत्सव आयोजना गरिएको समेत उल्लेख गरे । नमुना जागरण युवा क्लवका अध्यक्ष जयराम घलानको सभाध्यक्षतामा भएको उद्घाटन समारोहमा थाहानगर खेलकुद विकास समिति संयोजक टिकाराम स्याङ्तान, वडा नम्बर ३ का अध्यक्ष हिरेन्द्र कुमार रायमाफी, नेकपा एमाले जिल्ला सदस्य डम्बर लामालगायतकाको आतिथ्यता रहेको थियो ।

आग्रामा डाडाबास पार्क,स्तम्भ डाडा बुद्ध पार्क, सप्तकन्या गुफा, कालाकण्ठेश्वर महादेवको मन्दिर, गोक्सेखानी भग्नावशेष दरबार, बथानचुली भ्ण्डाचुली, उन्यु चौर, कैलाश डाँडा, ६४ ज्योतिरलिङ्ग मध्यको एक कुटेश्वर महादेव र नेपालकै तेस्रो अग्लो भोलुङ्गे पुल अवलोकन तथा घुमफिर गर्न सकिने स्थानहरू छन् ।

यसैबीच २८६१ औं सोनाम ल्होछारको अवसरमा कैलाश गाउँपालिका, राक्सिराङ गाउँपालिका, थाहा नगर पालिका र थाक्रे गाउँपालिकास्तरिय भलिबल प्रतियोगिता पनि आग्रामा शुरू भएको छ । प्रतियोगितामा ७ वटा टिम सहभागी छन् । २८ पुसदेखि माघ २ गतेसम्म थाहा नगरपालिका वडा न ८ को ऐसेलुखर्कमा प्रतियोगिता सञ्चालन हुनेछ ।

सो अवसरमा राष्ट्रिय कलाकारहरू गायिका शान्ता रानी परियार, जितु लोप्चन, बाबुकृष्ण परियार, सानू केसी, सर्मिला गुरुङ(सरु),रजनी लामा र डान्सरहरू ममता रानामगर, पुजा सुनार, सविना लगायतको उपस्थिती थियो ।

थाहा नगरपालिकालाई नमुना बनाउन हातेमालो गरौं ।

- जन्म, मृत्यु, बिवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनासमयमै दर्ता गरौं ।
- खानेपानिका मुहान, संरचनाहरु सफा र सुरक्षित राखौं, आगलागि तथा बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपमा सावधानी अपनाऔं ।
- नगरपालिकाभित्र सञ्चालन हुने सबै प्रकारका व्यापार व्यवसाय नगरपालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- बालश्रम, बालबिवाह रोकौं, निर्णयकमा बालबालिका सहभागीता थपौं ।
- बालबालिकाको पालपोशाण र शिक्षामा लगानि गरौं ।
- समयमै कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
- हरेक बालबालिकाले शिक्षा पाउनु उनिहरको नैसर्गिक अधिकार हो, त्यसैले बिद्यालय भर्ना गर्ने उमेर पुगेका आफ्ना नानिबाबुहरुलाई समयमै विद्यालय पठाऔं ।
- नगरपालिकालाई बालमैत्रि बनाउने अभियानमा सहभागी बनौं ।
- छोराछोरीमा भेदभाव नगरौं, सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- घरेलु हिंसा विरुद्ध डटेर लडौं, सभ्य समाज निर्माणमा सहयोग गरौं ।
- नियमित रुपमा लगाउनुपर्ने खोपहरु स्वास्थ्यसंस्थामा बच्चालाई लिई समयमै खोप लगाई बाल मृत्युदर घटाऔं ।
- आ-आफ्नो घर वरिपरि आफै सफा सुग्घर गरौं । स्वच्छ र शान्त वातावरण कायम गरौं ।
- प्रत्येक घरधुरि, संघसस्था, सार्वजनिक स्थानहरुमा चर्पि निर्माण गरी चर्पीमा मात्र दिसापिसाव गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

# विपन्न विद्यार्थीलाई न्यानो कपडा



◆ विकास संवाददाता

महालक्ष्मी विकास बैंक लिमिटेड पालुङ शाखाले थाहा नगरपालिका वडा नम्बर ११ को कालीदेवी प्राथमिक विद्यालय मालागिरीमा अध्ययनरत ५५ जना छात्रछात्रालाई न्यानो कपडा ज्याकेट वितरण गरेको छ । विद्यालयको प्राङ्गणमा २७ पुसमा कार्यक्रमको आयोजना गरी पालुङ शाखाका प्रबन्धक नितेश पाण्डेले विपन्न परिवारका विद्यार्थीहरूलाई न्यानो कपडा वितरण गरेका हुन् ।

महालक्ष्मी विकास बैंक लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्वको माध्यमबाट सामाजिक र आर्थिक रूपमा समाजलाई योगदान पुऱ्याउने उद्देश्यका साथ 'एक शाखा, एक सामाजिक उत्तरदायित्व कार्यक्रम' सञ्चालनको क्रममा विद्यार्थीहरूलाई न्यानो कपडा वितरण गरिएको प्रबन्धक पाण्डेले बताए । जाडो बढेसँगै स्कूल आउन समस्या भोगिरहेका विद्यार्थीहरुलाई ज्याकेट वितरण गरिएको बैंकले जनाएको छ । बालबालिकाले न्यानो कपडा पाएपछि दैनिक पठनपाठनमा र विद्यालय सञ्चालनमा सहयोग पुऱ्याएको विद्यालय प्रधानाध्यापक रूपक उप्रेतीले जानकारी दिए ।

आगामी दिनमा पनि सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत थाहा नगरपालिकाको सामाजिक, आर्थिक रूपान्तरणका विभिन्न कार्यक्रमहरू अझै प्रभावकारी रुपमा सञ्चालन गर्ने बैंकका प्रवन्धक पाण्डेले प्रतिवद्धता जनाए । न्यानो कपडा बितरण कार्यक्रममा थाहा ११ का वडा अध्यक्ष दिनेश बल, विद्यालय व्यवस्थापन समिती अध्यक्ष अमृत थोकर बैंकका कर्मचारीहरू, पत्रकार शम्भु अधिकारी, विद्यार्थी तथा शिक्षक, अभिभावकहरूको उपस्तिथि रहेको थियो ।

# बागेश्वरी सहकारीको साधारणसभाः उत्कृष्ट सदस्यलाई मल पुरस्कार

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको वडा नम्बर ३ मा रहेको बागेश्वरी कृषि सहकारी संस्थाको १०औं वार्षिक साधारणसभा भएको छ। थाहा नगरपालिका वडा नम्बर ३ का वडा अध्यक्ष हिरेन्द्र कुमार रायमाफीको प्रमुख आतिथ्यतामा सभा भएको हो । संस्थाको कार्यालय डाँडागाउँमा भएको साधारणसभामा थाहा नगरपालिका कृषि शाखा प्रमुख संजय तिवारीको विशिष्ट आतिथ्यता रहेको थियो ।

साधारणसभामा पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष कृष्ण बहादुर बिष्ट, लेखा परीक्षक बिमल कुमार बिष्टको आथित्यता रहेको थियो। सभामा संस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष बिष्टले संस्थाको १०औं साधारणसभासम्म आइपुग्दा संस्थाको उद्देश्य र मुख्य लक्ष्य सदस्यहरूलाई आधुनिक खेतीमा जोड दिनु रहेको बताउँदै प्रविधी र बिषयबिज्ञहरूसंग सदस्यलाई जोड्नु र हेको आफ्नो प्रतिवेदनमा समेटेका थिए। अध्यक्ष बिष्टले सहकारीबाट प्रत्यक्ष निगरानीमा रहेका खेती ९० प्रतिशतसम्म सफल देखिएको बताउदै कारोवार बढ्दै गैरहेको बताए। साधारणसभामा संस्थाका सचिव लक्ष्मण बिष्ट "बिर्खे अन्जान" ले सचिवको प्रतिवेदन प्रस्तुत गरे । उनले हाल संस्थाको कारोबार ३९ लाख पुगेको बताए ।

संस्थाका अध्यक्ष दिनेश बिष्टको अध्यक्षतामा भएको कार्यक्रममा संस्थामा उत्कृष्ट कारोबार गर्ने हरू बचत तर्फ कमला गोले, कर्जा तर्फ जितेन्द्र कुमार, समूह बचततर्फ लक्ष्मी गोपालीलाई नगद तथा प्रसंशापत्र सहित सम्मान गरिएको थियो। संस्थासंग बीउ बिजन, मलखाद कारोबार गरी उत्कृष्ट भएका पशुपति बिष्ट, भवानी बिष्ट र लक्ष्मी बिष्टलाई एक, एक बोरा युरिया मल तथा नगद तथा सम्मानपत्र प्रदान गरि एको थियो ।

साधारणसभामा पालुङ बहुउद्देश्यीय सहकारीका अध्यक्ष कृष्ण बहादुर बिष्ट, लेखा परीक्षक बिमल कुमार बिष्टलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।




समयमै व्यक्तिगत घटना दर्ता गरौं।
थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा
जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# चेपाङ सांस्कृतिक तथा पर्यटन क्षेत्र घोषणा

◆ विकास संवाददाता

सिमान्तकृत चेपाङ जातिको बाहुल्यता रहेको मकवानपुरको राक्सिराङ गाउँपालिकाले चेपाङ सांस्कृतिक तथा पर्यटन क्षेत्र घोषणा गरेको छ । गाउँपालिकाको २५ पुसमा भएको गाउँसभाले अधिकांश चेपाङ समुदायको मात्र बसोबास रहेको राक्सिराङ ७ नम्बर वडालाई चेपाङ सांस्कृतिक तथा पर्यटन वडा घोषणा गरेको हो ।

गाउँसभाको बैठकमा कार्यपालिका सदस्य हबिल प्रजाले चेपाङ सांस्कृतिक तथा पर्यटन क्षेत्र घोषणासम्बन्धी प्रस्तावमा कार्यपालिका सदस्य रामबहादुर प्रजाले समर्थन जनाएका थिए । गाउँपालिका अध्यक्ष राजकुमार मल्लले उक्त प्रस्ताव सभामा निर्णायार्थ प्रस्तुत गरेकोमा सर्वसम्मतले पारित भएको हो । सिमान्कृत चेपाङ समुदायको आर्थिक, सामाजिक तथा सास्कृतिक संरक्षण गर्ने तथा चेपाङको थातथलोको संरक्षण गरी पर्यापर्यटन प्रबर्द्धन र बिस्तार गर्ने उद्धेश्यका साथ चेपाङ सांस्कृतिक तथा पर्यटन क्षेत्र घोषणा गरिएको गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले जानकारी दिए । विपन्न चेपाङ समुदायको जिविकोपार्जन कार्यक्रमअन्तर्गत संरक्षित क्षेत्रमा एक टोल एक उत्पादन कार्यक्रम ल्याइने अध्यक्ष मल्लले बताए । साथै संरक्षित क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न गाउँपालिकाले छुट्टै वार्षिक ५० लाख रूपैयाँ बजेट छुट्याउने पनि उनले बताए । राक्सिराङ ७ नम्बर वडामा धिराङ, दामराङ जस्ता विकट बस्तीहरू छन् । उक्त वडामा पुग्नका लागि चितवन जिल्लाको भण्डारा हुँदै जानुपर्ने बाध्यता छ ।




हालै गाउँमा मोटरबाटो पुगेता पनि अझै व्यवस्थित हुन सकेको छैन । विपन्न चेपाङ जातिको उत्थानका लागि विभिन्न तहका सरकारले कार्यक्रमहरू घोषणा गरे पनि त्यो प्रभावकारी नभएकाले स्थानीय तह आफैँ जागरूक भएर विशेष क्षेत्र घोषणा गरिएको अध्यक्ष मल्लको भनाइ छ । संविधान र स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकारअनुसार नै आफूहरू अघि बढेको उनको भनाइ छ । संविधानको अनसुची (८) र अनुसुची (९) बमोजिमको सुचीमा भाषा संस्कृति र ललितकलाको संरक्षरण र विकास गर्ने कानुन स्थानीय तहले बनाउन सक्ने अधिकार दिएको छ भने स्थानीय सरकार सञ्चालन ऐनमा पनि गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका कुनै स्थानलाई संरक्षित क्षेत्र घोषणा गर्न सक्ने उल्लेख रहेको छ ।

यस्तै संविधानको मौलिक हक अन्तर्गत प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषाको प्रयोग सांस्कृतिक जीवनमा सहभागिता हुने एबम् भाषा लिपी सांस्कृत्तिक सभ्यता र सम्पदाको संरक्षण र समाधान गर्ने हक हुनेछ भनी उल्लेख गरेको छ । राक्सिराङको गाउँसभाको हिउँदे अधिवेशनबाट अर्धवार्षिक समीक्षा पारित गरिनुका साथै न्यायिक समितिको वार्षिक प्रतिवेदन पारित र मेलमिलापकर्ताहरूको नामावली अनुमोदन गरिएको छ । बजेट तथा कार्यक्रम र विनियोजन ऐनसमेत संशोधन गरिएको छ ।

# भीमफेदीको माण्डुखोला पक्की पुलको उद्घाटन

◆ विकास संवाददाता

मकवानपुरको भीमफेदी गाउँपालिका वडा नम्बर–६ मा रहेको माण्डुखोलामा निर्मित पक्की पुलको उद्घाटन गरिएको छ । बागमती प्रदेशको राजधानी हेटौँडा र संघीय राजधानी काठमाडौँ जोड्ने छोटो दुरीको बैकल्पिक मार्ग हेटौँडा कुलेखानी काठमाडौँ रूटको पुलको २४ पुसमा उद्घाटन गरिएको हो ।

बागमती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री अमन मास्केले पुलको उद्घाटन गरेका हुन् । भौतिक पुर्वाधार विकास मन्त्रालय अन्तर्गत रहेको यातायात पुर्वाधार निर्देशनालयले १२ करोड ३० लाख रूपैयाँ लगानीमा पुल निर्माण गरिएको हो । ५६ दशमलब ६ मीटर लम्बाईको पुल एम.एस.सागर निर्माण सेवा पिडारी गुठीले निर्माणको जिम्मा पाएको थियो ।

२०८० साल असार २२ गते निर्माण सम्झौता भएको पुल निर्माण सम्झौता अवधिभित्रै सम्पन्न भएको मन्त्री मास्केले बताए । मन्त्रालयबाट निर्माण भएका आयोजना हरूलाई समय भित्रै सम्पन्न गर्न मन्त्रालयले सहजीकरण गरिरहेको मन्त्री मास्केको दाबी छ ।

पुल उद्घाटन कार्यक्रममा भिमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामा, ईन्द्र सरोवर गाउँपालिकाका अध्यक्ष देबकृष्ण पुडासैनीलगायत मन्त्रालयका सचिब, महाशाखा प्रमुख लगायतको सहभागीता रहेको थियो । पुल निर्माण पश्चात् यातायात आवागमनमा सहज भएको छ ।



## धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं !

- धुम्रपान र मद्यपानले जाडो घट्ने वा हट्ने होईन,
- यसले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरजस्ता दीर्घकालीन रोग लाग्न सक्छ,
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं,
- कुलतमा रहेकाले त्याग्ने प्रण गरौं.
- धुम्रपानले तपाई र तपाईको परिवारका साथै नजिक रहेका व्यक्तिलाई समेत असर पुऱ्याउँछ ।

त्यसैले.

धूम्रपान र मद्यपान नगरौ, स्वस्थ जीवन बाँचौ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

'थाहा नगर विकासको आधार, कृषि, पर्यटन र पूर्वाधार'

थाहा नगरपालिका

## थाहा नगरपालिकाको जरुरी सूचना !

यस थाहा नगरपालिका क्षेत्रका नदी तथा खोलामा रहेका जलचर संरक्षण विभिन्न कार्य गर्दै आएकोमा केही व्यक्तिहरूले करेन्ट तथा अन्य निषेधित केमिकल प्रयोग गरी लुकीछिपी रूपमा माछा मार्ने लगायतको कार्य गर्दै आएको भन्ने जानकारी प्राप्त भएको हुँदा त्यस्तो कार्य गर्न गर्नेलाई बागमती प्रदेश सरकारले जारी गरेको प्रदेशस्तरमा जलचर संरक्षण र व्यवस्थापन गर्न बनेको ऐन, २०७६ अनुसार जलचर समात्ने तथा मार्ने कार्य गरिएको पाइएमा ५० हजार रुपियाँसम्म जरिवाना, जलचर संरक्षण ऐन, २०५५ (संशोधन) अनुसार ६ महिनासम्म कैद वा पाँच हजार रुपियाँसम्म जरिवाना तथा थाहा नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धी ऐन, २०७६ अनुसार पहिलो पटकका लागि ५ हजार नगद तथा पटके भएमा थप कारबाही गर्ने कानूनी व्यवस्था रहेको हुँदा जलचर मार्ने वा समात्ने कार्य नगर्नु नगराउनुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।






● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्टस्, हेटौंडा–२ ● कार्यालय : थाहा–४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी